नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं

## समस्याग्रस्त सहकारी संस्थाहरूको दायित्व फरफारक गर्नेसम्बन्धी अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशन मितिः २०८३।०१।०८**

नेपाल सरकार (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय) बाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि यस समितिको मातहतमा आएका तपसिलबमोजिमका सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारीहरू, जमानीहरूलाई कार्यालयको वेबसाइट र राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन, SMS, फोनलगायतका माध्यमबाट पटक पटक जानकारी गराउँदा पनि हालसम्म ऋण चुक्ता गर्न बाँकी रहेका ऋणीहरूले बुझाउनुपर्ने ऋणको साँवा, व्याज तथा हर्जानासमेत नबुझाएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस समितिको कार्यालय बुद्धनगर, काठमाडौंमा सम्पर्क गरी आफ्नो हरहिसाब लिई रकम बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित अवधिभित्र पनि ऋण फरफारक नगरेमा ऋणीहरूको नाम नामेसीसहितको विवरण सार्वजनिक गर्ने, ऋणी तथा निजहरूका परिवार र जमानीको सम्पत्ति र खाताका साथै सार्वजनिक सेवा सुविधा रोक्काका लागि सम्बन्धित निकायमा लेखी पठाउनुका साथै सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासहित सम्बन्धित ऋणी तथा जमानीहरूको जानकारी तथा कारबाहीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | सहकारी संस्थाको नाम | समस्याग्रस्त घोषित मिति |
|---|---|---|
| १. | स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| २. | प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| ३. | सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ४. | प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ५. | कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ६. | कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| ७. | भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ८. | लुःनिभा बहुद्देश्यीय सहकारी संस्था लि | २०७६-०४-१२ |
| ९. | ओरेण्टल को-अपरेटिभ लिमिटेड | २०७९-०६-०७ |
| १०. | पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०८०-०४-०१ |
| ११. | तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड | २०८०-०५-२५ |
| १२. | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०-०५-२५ |
| १३. | हाम्रो नयाँ कृषी सहकारी संस्था लिमिटेड | २०८०-१०-११ |
| १४. | कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०-१०-२६ |
| १५. | कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड | २०८०-११-०३ |
| १६. | श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०-११-२९ |
| १७. | गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०-१२-१३ |
| १८. | गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड | २०८१-०३-०६ |
| १९. | नेपाल सहकारी वित्तीय संस्था लि. | २०८१-०४-०८ |
| २०. | श्री आइडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा समायोजित संस्थाहरू | २०८१-१२-१९ |
| | (क) घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि. | २०८१-१२-१९ |
| | (ख) नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. | २०८१-१२-१९ |
| | (ग) आइडल यमुना बहुउद्देश्यीय सहकारी संस्था लि. | २०८१-१२-१९ |
| | (घ) तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. | २०८१-१२-१९ |
| | (ङ) हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि. | २०८१-१२-१९ |

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२

इमेलः- info.coopmc@gmail.com वेबसाइटः- www.coopmc.gov.np